# "३९० घण्टे तालिम लेभल १ र २" कार्यान्वयन कार्यविधि, २०७९

स्वीकृत मिति २०७९।०६।०६

प्रस्तावनाः यस प्रदेश भित्र बसोवास गरेका, कुनै सीपको अभावमा कार्य गरी आम्दानीको वातावरण वनाउन नसकेका र सीपको आवश्यकता महशुस गरेका तर अवसर प्राप्त गर्न नसकेका विशेष आवश्यकता भएका महिला, अपाङ्ग, विदेशवाट फर्केका तथा वेरोजगार युवाहरुको लागि यस प्रकारको ३९० घण्टे तालिम प्रदान गरी सीप सहितको रोजगारमा प्रवेश गराउन सकिन्छ कि भन्ने उद्धेश्यले यस प्रदेश युवा परिषद्को स्वीकृत वार्षिक बजेटमा सीप मुलक तालिम ३९० घण्टा लेभल १ र २ सम्म तालिम दिइ सीपयुक्त रोजगारका लागि सक्षम गराउने कार्यक्रम रहेकोले यस कार्यक्रम पारदर्शी, व्यवस्थित र नतिजामुलक बनाउन तथा यो कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागि युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "३९० घण्टे तालिम लेभल १ र २" कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

<u>२. परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "३९० घण्टे तालिम लेभल १ र २" कार्यक्रम प्रदेश युवा परिषद्को कार्यालयले ३९० घण्टे (६५ कार्यदिन) तालिम दिइ सीप सहितको रोजगारका लागि सक्षम बनाउने उद्देश्यले राखिएको कार्यक्रम सम्झनु पर्दछ ।

ख) "परिषद्" भन्नाले प्रदेश युवा परिषद् सम्झनु पर्दछ ।

ग) "छनौट समिति" भन्नाले प्रदेश युवा परिषद्को कार्यकारी उपाध्यक्षको संयोजकत्वमा गठित ७ सदस्यीय समिति सम्झनु पर्दछ ।

घ) “मन्त्रालय” भन्नाले बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालय वा यस कार्यालयको सरोकारवाला मन्त्रालय सम्झनु पर्दछ ।

ङ) "कार्यालय" भन्नाले प्रदेश युवा परिषद्को , हेटौडा, मकवानपुर स्थित कार्यालय सम्झनु पर्दछ ।

च) "युवा" भन्नाले १६–४० उमेर समुह जनाउनेछ ।

छ) "तालिम प्रदायक संस्था " भन्नाले यस कार्यालयको कार्यविधि अनुसार तालिम प्रदान गर्न सम्झौता गरी तालिम दिने संस्था सम्झिनु पर्दछ ।

३<u>. उद्देश्यः</u>

क) युवाहरुको सीप विकास भै उद्धमशिलतामा सहयोग पुग्ने ।

ख) युवाहरु स्ववलम्बी भै स्वदेशमा कार्य गर्ने र विदेश पलायन हुनवाट रोकिने ।

ग) सीपको अभावमा सस्तो ज्यालामा कार्य गर्नु नपर्ने । आम्दानी स्रोत वढने ।

घ) व्यवसायमा आधुनिकिकरण हुने ।

ङ) रोजगारीको अवसर प्राप्त हुने ।

४. <u>लक्षित वर्गः</u> (१) यस बागमती प्रदेश भित्रको १० जिल्ला (काठमाडौ, ललितपुर र भक्तपुर बाहेक ) का २५० जना युवाहरु ।

२) प्राप्त भए सम्म महिला, शारीरिक क्षमता कमजोर भएका, विदेशवाट फर्केका वेरोजगार, विशेष क्षेत्रवाट आउने , जनजातीका महिला पुरुष, उपेक्षित अपहेलित उत्पिडित दलित जनजातिका महिला पुरुष तथा शहीद परिवारका महिला पुरुष युवाहरुलाई यो तालिमको लक्षित वर्ग मानिएको छ । माथि उल्लेखित परिवारका युवाहरु उपलब्ध नभएमा मात्र अन्य युवाहरुलाई प्राथमिकतामा राखी यो तालिम दिइनेछ ।

३ तालिम लिन इच्छुक व्यक्तिले विशेष कारण विना विचैमा तालिम छोड्न पाउने छैन । ।

५. <u>प्रस्ताव पेश गर्ने तालिम प्रदायक संस्था छनौटको आधार</u>

क) यस कार्यालयले तालिम प्रदायक संस्था छनौटका लागि १५ दिने सुचना राष्ट्रिय दैनिकमा प्रकाशन गर्नेछ।

ख) तालिम प्रदायक संस्थाले ३९० घण्टे तालिम ( लेभल १ र २ को सीप परिक्षणसम्म मात्र) को प्रकृति अनुसार फरक/ फरक विषयको प्रतिव्यक्ति कति रुपैयामा तालिम दिलाउन सक्ने हो प्रस्तावमा खुलाई यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

ग) ,यस कार्यालयसँग सम्झौता पश्चात तोकिएको जिल्लामा तोकिएको विषयमा ३९० घण्टा (६५ कार्यदिन ) तालिम र लेभल १ वा २ मा सहभागी सीप परिक्षण पास भए पश्चत मात्र तालिम प्रदायक संस्थाले सम्पूर्ण भुक्तानि पाउनेछ ।

घ) सीप परिक्षणको प्रमाणपत्र प्राप्त नहुन्जेलसम्म सीप परिक्षणको लागि छुट्याइएको प्रतिव्यक्ति रकम रु १५००।०० का दरले सेवा प्रदायक संस्थालाई भुक्तानी दिइने छैन । सीप परिक्षणको प्रमाणपत्र २०८० असार मसान्त सम्म प्राप्त हुनुपर्नेछ अन्यथा अर्को आ.ब.मा बाँकी रकम भुक्तानि दिन सकिनेछैन । सीप परिक्षणको प्रमाणपत्र प्राप्त नभए पनि ३९० घण्टा तालिम पुरा, ६५ दिन रुजु हाँजिरी, प्रतिवेदन तथा फोटोहरु र तालिम प्रदायक संस्थाले दिने प्रमाणपत्र दिए पश्चात सीप परिक्षण बाहेकको बाँकी रकम तालिम प्रदायक संस्थालाई भुक्तानि दिइनेछ ।

ङ) नेपाल सरकार तथा प्रदेश सरकारको ऐन नियमको परिधि भित्र रही आर्थिक कारोवार गर्नुपर्नेछ ।

छ) तालिम प्रदायक संस्थाले २०८०। असारको २० गते सम्म आफ्नो सम्झौता अनुसारको रकम दावी गरिसक्नु पर्नेछ । अन्यथा यस कार्यालय सम्झौता अनुसारको रकम दिन बाध्य हुनेछैन ।

ज) तालिम प्रदायक संस्थाले सहभागीहरुलाई दैनिक ५०।०० रुपैयाँको खाजा खुवाउनु पर्नेछ तथा स्टेशनरी र तालिम सामग्रीको व्यवस्थापन गर्नु पर्नेछ । सहभागीवाट कुनै पनि तालिमका लागि स्रोत जुटाउन पाइनेछैन ।

झ) तालिमका सहभागीहरुले बिहान बेलुकाको खाने र बस्ने प्रवन्ध आफै मिलाउनु पर्नेछ ।

ञ) तालिम प्रदायक संस्थाले हालका मिति सम्म कम्तीमा ७०० जनाको लागि यस्तो किसिमको तालिम संचालन गरी सकेको प्रमाणित कागजात पेश गर्नुपर्नेछ ।

ट) माथि उल्लेखित सर्तहरु पालना गर्नसक्ने तालिम प्रदायक निकायको प्रस्ताव छनौट गरिनेछ ।

ठ) यदि १ भन्दा वढी तालिम प्रदायक संस्थावाट निवेदन पर्न गएमा माथि उल्लेखित सर्त पुरा गर्न सक्ने सहित निम्न आधारमा संस्था छनौट गरिनेछ ।

क) तालिम प्रदायक संस्था छनौटको आधारहरु

| सि.नं. | विवरण | कूल पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | हालसम्म ७०० जनालाई लेभल १ र २ को तालिम दिइ सकेको भए ५ अंक र १००० बढीलाई तालिम दिएको भए १० अंक | १० | | |
| २ | बागमती प्रदेश भित्र आफ्नो केन्द्रीय कार्यालय र तालिम हल भएको संस्था भए ५ अंक | १० | | |
| ३ | संस्था दर्ता भएको ५ देखि १० वर्ष सम्म भए ५ अंक र १० वर्ष भन्दा बढी भएको भए १० अंक | १० | | |
| ४ | CTEVT वाट कुनै पनि विषयमा T.s.l.c. कार्यक्रम संचालन गरेको तालिम प्रदायक संस्था भए १० अंक | १० | | |
| ५ | क) पेश गरेको कार्ययोजना (अनुसुचि २)कोः ३ अंक<br>ख) तालिम प्रदायक संस्थमा भएका तालिम विज्ञहरुको पेश गरेको विवरणः ४ अंक<br>ग) प्रस्तावको तयारी, पूर्णताको आधारमा छनौट समितिले दिने ३ अंक | १० | | |

जम्माः ५० अंक ।

६. तालिमका सहभागी छनौटका आधारहरुः

(१) यस प्रदेशमा वसोवास गरेको युवा हुनु पर्नेछ ।

२) १६-४० उमेर समूहको युवालाई सहभागी गराउनु पर्नेछ ।

३) तालिम प्रदायक संस्थाले आफ्नो खर्चमा बढी युवाहरुलाई तालिम दिलाउन सक्नेछ र सो को जानकारी तथा नामावली यस कार्यालयमा दिनुपर्नेछ । तर यस कार्यालयले सुचना प्रकाशन गरी तोकिएको संख्या भन्दा बढी युवाको तालिम खर्च भुक्तानी गर्ने छैन । सम्झौता अनुसारको बढीमा २० देखि २५ जनाको रकम भुक्तानि गर्नेछ ।

<u>७. ३९० घण्टे तालिम लेभल १ र २ कार्यक्रमका विषयहरुः</u>

(१) जिल्लाको आवश्यकता र जिल्ला युवा समितिका अध्यक्षसँगको समन्वयमा तालिमको विषयहरु निम्नानुसार कायम गरिएकोछ । निम्न जिल्लामा निम्नानुसारको तालिम संचालन हुनेछन् ।

| सि.नं. | विषयहरु | संचालन हुने जिल्ला | संख्या | संचालन हुने जिल्ला | संख्या | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| १ | होमस्टे तालिम लेभल १ | रामेछाप | २० जना | सिन्धुपाल्चोक | २० जना | ४० जना |
| २ | बारबार(कपाल काट्ने) तालिम लेभल १ | काभ्रेपलाञ्चोक | २० जना | मकवानपुर | २० जना | ४० जना |
| ३ | मन्टेश्वरीतालिम लेभल १ | रसुवा | २० जना | - | २० जना | २० जना |
| ४ | टेलरिङ लेभल १ | धादिङ | २० जना | नुवाकोट | २० जना | ४० जना |
| ५ | व्युटिसियन लेभल १ | सिन्धुली | २० जना | चितवन | २० जना | ४० जना |
| ६ | वारिष्टा(कफी मेकिङ) लेभल १ | मकवानपुर | २५ जना | काभ्रेपलाञ्चोक २५ र दोलखा २० जना | ४५ जना | ७० जना |
| | | | | | जम्माः | २५० जना |

( अलग /अलग प्रकृतिको विषयको तालिमका लागि अलग / अलग प्रस्ताव पेश गर्नुपर्नेछ साथै एकै तालिम प्रदायक संस्थाले सबै प्रकृतिको तालिम संचालन गर्ने भएता पनि अलग अलग प्रस्ताव पेश गर्नुपर्नेछ । )

८. तालिम सञ्चालन लागतः

तालिम अवधि ३९० घण्टा (६५ कार्यदिन) लेभल १ र २ तालिम संचालनका लागि लाग्ने अनुमानित लागत स्वीकृत बजेटको परिधि भित्र रही निम्नानुसार स्वीकृत गरिएकोछ ।

| क्र.स. | खर्च शीर्षक | विवरण | २० जनाको लागि कूल |
|---|---|---|---|
| १ | प्रशिक्षक पारिश्रमिक (२जना प्रशिक्षक) | १२३५००।०० | १२३५००।०० |
| २ | तालिम व्यवस्थापन | स्टेशनरी,सूचना तथा व्यानर उद्घाटन र समापन सुरक्षा औजार तथा अन्य खर्च | २००००।०० |
| ३ | सामग्री तथा उपकरण | प्रशिक्षण तथा प्रयोगात्मक अभ्याससँग प्रत्यक्ष सम्बन्धित (सीप परिक्षण समागी समेत) | १०००००।०० |
| ४ | सीप परीक्षण | सीप परीक्षण शुल्क | ३००००।०० |
| ५ | अनुगमन तथा मूल्याकन | अनुगमन | ५०००।०० |
| ६ | चिया खाजा खर्च | प्रशिक्षार्थी खाजा खर्च | ६५०००।०० |
| | जम्माः | | ३४३५००।०० |

(स्रोत र अनुमानित लागतको सहयोगः छोटो अवधिको सीपमूलक तालिम संचालन कार्यवधि २०७७( दोस्रो संसोधन २०७८।०८।१४ सहित) प्रावधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुर । )

नोटः

१. माथि उल्लेखित अनुमानित लागत शैक्षिक संस्थामा संचालन हुने तालिमको लागि निर्माण गरिएको । यसमा तालिम प्रदायक संस्थाले तालिम संचालनार्थ घरभाडामा लिनुपर्ने अवस्था हुने भएकोले ७० दिनको घरभाडा रु १००००।०० थप दायित्व सीर्जना भएकोले कूल रकम ३५३५००।०० कायम गरिएकोछ ।

२. कूल रकम रु ३५३५००।०० (कर बाहेक) भएकोले तालिम प्रदायक संस्थाले तिर्नुपर्ने १३% भ्याट रकम ४५९५५।०० सहित हुन आउने कूल रकम रु ३९९४५५।०० अनुमानित लागत कायम गरी स्वीकृत गरिएकोछ । जुन लागत प्रतिव्यक्ति रु १९९७२।७ पर्न आउने भएकोले यसै बजेटको परिधि भित्र रही तालिम प्रदायक संस्थाले प्रस्ताव पेश गर्नुपर्नेछ । प्रस्ताव पेश गर्दा प्रतिव्यक्ति लागत उल्लेख गर्नु पर्नेछ । अन्यथा कूल रकमलाई २० जना सहभागीले भाग गरी प्रतिव्यक्ति लागत निकालीनेछ ।

९ . <u>सूचना प्रकाशनः</u> (१) "३९० घण्टे तालिम लेभल १ र २" "कार्यक्रम संचालन गर्नको लागि प्रदेश युवा परिषद्को कार्यालयले तालिम प्रदायक संस्थाहरुसँग प्रस्ताव माग गर्न राष्टिय दैनिक पत्रिकामा १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नेछ ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि तालिम प्रदान गर्न सक्षम तालिम प्रदायक संस्थाहरुले यस कार्यविधिले तोके अनुसार तालिम सफलता पुर्वक सम्पन्न गर्न सक्ने प्रतिवध्धता सहितको अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव योजना पेश गर्नुपर्नेछ ।

३) प्रस्ताव छनौट समितिः तोकिएको मिति भित्र कार्यालयमा प्राप्त भएका तालिम प्रदायक संस्थाको प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्न एक तालिम प्रदायक संस्था छनोट मूल्यांकन समिति रहनेछ ।

प्रस्ताव मुल्याङ्कन छनौट समिति

क) संयोजक- कार्यकारी उपाध्यक्ष, प्रदेश युवा परिषद् बागमती प्रदेश ।

ख) सदस्य – अधिकृत प्रतिनिधि, युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेश ।

ग) सदस्य - प्रशासन प्रमुख प्रदेश युवा परिषद् ।

घ) सदस्य - प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय ।

ङ) सदस्य- प्रतिनिधि, सिटिइभिटी बागमती प्रदेश ।

च) सदस्य - प्रमुख, आर्थिक प्रशासन फाँट, प्रदेश युवा परिषद्, बागमती प्रदेश ।

छ) सदस्य-सचिव कार्यालय प्रमुख, प्रदेश युवा परिषद् बागमती प्रदेश ।

५) छनौट समितिले बढीमा ३ जनालाई प्रस्ताव मूल्यांकन गर्न आमन्त्रण गर्न सक्नेछ ।

६) प्रस्ताव छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६) प्रस्ताव छनौट समितिले प्राप्त प्रस्ताव उपर आवश्यक छानविन गरी तालिम प्रदायक संस्था छनौट गर्नेछ । र कूनै संस्था छनौट गर्ने वा नगर्ने अधिकार यसै समितिसँग निहित रहनेछ ।

१०. <u>सम्झौताः</u> (१) प्रस्ताव छनौट समितिबाट छनौट भएका  तालिम प्रदायक संस्था संग कार्यालय  र संस्था बीच  द्विपक्षीय सम्झौता गरिने छ ।

२_ सम्झौता पश्चात तालिम प्रदायक संस्थालाई प्रतिव्यक्ति तालिम प्रदान गरी सहभागीहरुको प्रमाणपत्र यस कार्यालयमा प्राप्त भए पश्चात स्वीकृत रकम प्रतिव्यक्ति बढीमा रु २००००।०० वा सम्झौता अनुसारको रकम   दिइनेछ तर तालिमको सामान्य संचालन खर्चका लागि ३० प्रतिशत रकम अग्रिम दिन सकिनेछ । तर तालिम प्रदायक संस्थाले तालिम सम्पन्न पश्चात पुरै रकम एकै पटक लिन पनि सक्नेछ ।

३) सम्झौता २ प्रति हुनेछ । एक प्रति सम्बन्धित व्यक्ति वा फर्मलाई, र एक प्रति कार्यालयमा राख्नुपर्नेछ ।सम्झौता कार्यालयको तर्फवाट कार्यालय प्रमुख तथा तालिम प्रदायक संस्थावाट प्रोपाइटर वा म्यानेजर वा निज संस्थाले तोकि पठाएको व्यक्तिले गर्नेछ  ।

११. <u>प्रतिवेदनः</u> (१) तालिम प्रदायक संस्थाले कार्यक्रम सम्पन्न पश्चात सहभागी व्यक्तिहरुले प्राप्त गरेको सर्टिफिकेटको प्रतिलिपि तथा तालिम समयका समय समयका फोटोहरु तथा प्रतिवेदन पेश गर्नुपर्नेछ । साथै तालिम सुरुवात भएको जानकारी  यस कार्यालयलाई दिनु पर्नेछ ।

(२) तालिम प्रदायक संस्थालाई तालिमको भुक्तानी प्रतिव्यक्ति तालिममा सहभागीताको आधारमा सम्झौतामा उल्लेख भए अनुसार बढीमा २० देखि २५ जनाको लागि दिइने भएकोले सहभागी संख्या निर्धारणका लागि यस कार्यालयले तोकी अनुगमनमा पठाएको व्यक्तिले संख्या प्रमाणित गरेको आधारमा प्रतिव्यक्ति प्रस्तावमा पेश गरेको रकम अनुसार भुक्तानि दिइनेछ ।

१२. <u>लेखा परीक्षणः</u> (१) "३९० घण्टे तालिम लेभल  १ र २" "कार्यक्रम संचालनको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

१३. अनुगमन तथा मूल्याङ्कनः (१) स्थानीय तहमा सम्बन्धित अभिभावकहरु, सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गर्न सक्ने भएकोले यसको सम्पूर्ण अभिलेख तालिम प्रदायक संस्थाले  राख्नुपर्नेछ र सरोकारवालाहरुले खोजेको वखत देखाउन सक्नुपर्ने छ ।  कार्यालयवाट आवश्कता हेरी अनुगमन हुन सक्नेछ ।

२) प्रदेश स्तरबाट प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ । साथै यस कार्यालयले पनि समय समयमा अनुगमन गरी सुझाव दिन सक्नेछ ।

१४. <u>दण्ड सजायः</u> (१) छनौट भएका तालिम प्रदायक संस्थाले प्रस्ताव गरिए  वमोजिमको सम्झौता  अनुसार कार्य नगरेमा त्यस्तो तालिम प्रदायक संस्थासँग आगामि दिनमा  अन्य कार्यक्रमहरुमा सहभागि सहकार्य गरिने गराईने छैन ।

२) तालिम प्रदायक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार तोकिएको कार्य सम्पन्न नगरेमा तथा कार्यालयबाट दिइएको वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार खर्च नगरी

हिनामिना गरेमा उक्त तालिम प्रदायक संस्थासँग जुनसुकै वखत सम्झौता रद्ध गरी क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

१५. विविधः  यस कार्यविधि बमोजिम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।र कार्यविधिमा नसमेटिएका  कुराहरु आपसी  समझदारीमा समाधान गरिनेछ र सम्झौतामा उल्लेख गरिनेछ ।

१६. निर्देशनको पालनाः संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

१७ . कार्यविधि संसोधन गर्न सक्नेः आवश्यकता अनुसार मन्त्रालयले कार्यविधि संसोधन गर्न सक्नेछ ।

१८. वाधा अड्काउ फुकाउने : यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा  मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १
## (दफा ७ को उपदफा २ संग सम्बन्धित )
## तालिम प्रदायक संस्थाले पेश गर्नुपर्ने प्रस्तावको  नमूना ढाँचा

श्रीमान् कार्यकारी उपाध्यक्षज्यू

प्रदेश युवा परिषद्को कार्यालय , हेटौडा, मकवानपुर ।

महोदय

त्यस कार्यालयबाट मिति .................... मा .................... दैनिकमा प्रकाशित सूचना अनुसार म हामी वा फर्मले ३३० घण्टे (लेभल १ र २ तालिम ) तालिम निम्नानुसारको.............................. जिल्लामा निम्नानुसारको............................ विषय मा संचालन ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१. व्यवसायको नाम र ठेगानाः फोन नं. सहित

२. व्यक्ति वा व्यवसायीको नाम र सम्पर्क नं: इमेलः

३. व्यवसायको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचयः

४. अन्य विवरण: तालिम प्रदायक संस्था छनौटको आधारमा भएका कुराहरु पूर्णरुपमा पालना गर्न सक्ने तालिम प्रदायक संस्थाको प्रतिवद्धता खुल्नु पर्ने ।

५. मानवीय स्रोत सम्बन्धी विवरणः
   कर्मचारी विवरणः

क. भौतिक पूर्वाधार सम्बन्धी विवरणः

  क. कोठा संख्याः

  ख. भाडामा भए भाडा सम्झौता तथा आफ्नै जग्गमा भए लालपूर्जको फोटोकपीअवस्थाः
  नागरिकताको प्रतिलिपिः
  प्यान नं.

(कार्यविधिमा तोकिएका सर्तहरु पुरा गर्न सक्ने प्रतिवद्धता सहितको सपोर्टिङ डकुमेन्टहरु)

  १ व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नामः  २. खाता नं:

  (प्रष्ठ खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने)

६. आर्थिक प्रस्ताव २० जनाको समुहका लागि कार्यविधिमा तोकिएको अनुमानित लागतमा नबढ्ने गरी घटिघटाउमा तालिम संचालन गर्ने गरी छुट्टै पेश गर्नुपर्नेछ ।

हस्ताक्षर

प्रोपाइटरको नामः

मितीः

## अनुसुचि २

### तालिम प्रदायक संस्थाको कार्ययोजना

तालिम प्रदायक संस्थको नाम र ठेगानाः

| क्र.स. | गतिविध तथा क्रियाकलापहरु | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैशाख | जेष्ठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तालिमको आवश्यकता पहिचान र स्थानिय तहसङ्गको समन्वय | | | | | | | | | | | |
| २ | तालिम प्रस्तावना पेश | | | | | | | | | | | |
| ३ | तालिम सम्झौता अवधि | | | | | | | | | | | |
| ४ | तालिमको प्रचार प्रसार तथा सूचना प्रवाह र सरोकारवालासँग समन्वय | | | | | | | | | | | |
| ५ | प्रशिक्षार्थी छनौट तथा अन्तर्वार्ता र भर्ना | | | | | | | | | | | |
| ६ | तालिम अभपमुखीकरण तथा संचालन | | | | | | | | | | | |
| ७ | प्रारम्भिक प्रतिवेदन र २०% भुक्तानी माग | | | | | | | | | | | |
| ८ | सीप परिक्षण आवेदन फारम दर्ता | | | | | | | | | | | |
| ९ | तालिम अनुगमन | | | | | | | | | | | |
| १० | तालिमको मध्यकालिन प्रतिवेदन | | | | | | | | | | | |
| ११ | रोजगारदातासँग समन्वय तथा रोजगारीको स्भावना बारेमा परामर्श | | | | | | | | | | | |
| १२ | आन्तरिक मूल्यांकन | | | | | | | | | | | |
| १३ | रोजगारी तथा व्यवसायिकता विकास सम्बन्धी परामर्श | | | | | | | | | | | |
| १४ | तालिम समापन प्रतिवेदन र अन्तिम किस्ता भुक्तानी माग | | | | | | | | | | | |
| १५ | संस्थाले दिने प्रमाणपत्र | | | | | | | | | | | |
| १६ | सीप परिक्षण प्रमाणपत्र प्राप्ती | | | | | | | | | | | |